नेपाल सरकार

गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा

## लागुपदार्थ दूर्व्यसन नियन्त्रणसम्बन्धी वृत्तचित्र प्रतियोगिता सम्बन्धी सूचना

प्रकाशित मितिः २०७९/०९/२२

गृह मन्त्रालय लागु औषध नियन्त्रण शाखाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम अनुसार लागु औषध सम्बन्धी श्रव्यदृश्य सामाग्री निर्माण,प्रदर्शन,प्रशारण,प्रचारप्रसार तथा सामग्री उत्पादन, प्रकाशन र वितरण गर्ने कार्यक्रमका लागि तपशीलको शर्तमा रही लागुपदार्थ दूर्व्यसन नियन्त्रणसम्बन्धी वृतचित्र आवश्यक परेको हुँदा सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस शाखाको इमेल moha.drugportal@gmail.com मा उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य जानकारीका लागि लागु औषध नियन्त्रण शाखाको फोन नं. ०१-४२११२२२/४२११२८३ मा सम्पर्क गर्नुहुन वा शाखाको वेबसाईट www.drugportal.gov.np हेर्नुहुन अनुरोध गरिन्छ।

शर्तहरू:

(क) वृत्तचित्रको विषय लागुऔषधको गलत प्रयोग र सोबाट स्वास्थ्यमा पर्ने प्रभावबारे जनचेतना जगाउने विषयवस्तुमा हुनुपर्नेछ।

(ख) प्रतियोगी विद्यालय कलेज वा चलचित्र निर्माणसम्बन्धी मान्यताप्राप्त प्रशिक्षण संस्थामा अध्ययनरत/प्रशिक्षणरत हुनुपर्नेछ। उक्त विद्यालय/कलेज/संस्थाको परिचयपत्र तथा सिफारिसपत्र पेश गर्नुपर्नेछ।

(ग) वृत्तचित्रको भाषा नेपाली वा अङ्ग्रेजी हुन सक्नेछ। अङ्ग्रेजी भाषा भएमा क्याप्सन नेपाली भाषामा राख्नुपर्नेछ।

(घ) वृत्तचित्रको लम्बाई वढीमा ५(पाँच) मिनेट हुनुपर्नेछ। दृश्य एचडी गुणस्तरमा खिचिएको हुनुपर्नेछ।

(ङ) पुरस्कृत वृत्तचित्रको स्वामित्व नेपाल सरकारको हुनेछ तर निर्माताले आफ्नो प्रयोजनको लागि उपयोग गर्न सक्नेछ।

(च) प्रथम हुने वृत्तचित्रलाई रू.६०,०००।-, द्धितीयलाई रू.५०,०००।-,तृतीयलाई रू.४०,०००।- प्रदान गरिनेछ।

०७९/०९/२२

शाखा अधिकृत